# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## ऋषिङ गाउँपालिका
## तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

ऋषिङ गाउँपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

ऋषिङ गाउँपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
गण्डकी प्रदेश

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,
ऋषिङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तनहुँ ।

१. **कैफियत सहितको राय** — हामीले ऋषिङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ९१ लाख ८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५० लाख ८३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ८ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४१ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १८ लाख ८६ हजार र पेश्की बाँकी रु.८ लाख समेत रु.२ करोड ७७ लाख ११ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु.१६ करोड ४२ लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.

१९ करोड १९ लाख ८६ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने ऋषिङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी ऋषिङ गाउँ पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)
**नायब महालेखापरीक्षक**

ऋषिङ गाउँपालिका,
तनहुँ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | २७ | २९१०८ | ४९ | ४ | १३९७ | ४९ | २३ | २७७११ | ८३९ | २१८८६ | ४१८६ | ० | ० | २६०७२ | ८०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १६४२७५ | ० | ० | १६४२७५ | ० | २७७११ | १९१९८६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | **२०७९।८०** | २८ | प्रमाण पेश भएको | ४४९६ |
| २ | **२०७९।८०** | ३९ | असूल भएको प्रमाण पेश | १४७ |
| ३ | **२०७९।८०** | ६६ | भर्पाईको प्रमाण पेश | २६४ |
| ४ | **२०७९।८०** | ६२ | भर्पाईको प्रमाण पेश | १७६ |
| | **जम्मा** | | | **५०८३** |

**गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१

**(क) कार्यालय परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको क्षेत्रफल २१५वर्ग किलोमिटर र जनसंख्या १८ हजार ८२१ रहेको तथा ८ वडा र ४५ सभा सदस्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।३ देखि २०८०।१०।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. **७३,०४,८९,७३३।२४** को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ । ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक नगरपालिका र गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको जनाएतापनि असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा रु.३०५४०। फरक (बढी बैंक मौज्दात) देखिएको छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तिरत शशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

३ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीय तहमा उपाध्यक्षले २०७९।३।24 गते रु. 64 करोड 84 लाख 15 हजार छ सय दश रुपैयाको बजेट सभा

समक्ष पेश गरेकोमा २०७९।३।24 मा पारित गरी २०७९।04।01 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने लिखित अख्तियारी प्रदान गरेको देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

४ **शुरु मौज्दात हिसाब मिलान**

कार्यालयले विद्यमान कानुन र लेखाको मान्य सिद्धान्त अनुसार हिसाब मिलान गर्नुपर्दछ। कार्यालयले आन्तरिक लेखापरिक्षण प्रतिवेदन मार्फत पेश गरेको एकिकृत आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात बाँकी रकम सबै खाताको एकमुष्ट रु ७२१९७६४३।२८ देखाएको छ। तर कार्यालयले उपलब्ध गराएको देहायका खाताको बैंक मौज्दात बाँकी गत आ. ब. को अन्त्यमा देहाय बमोजिम रु ८०७४५०५१।९३ रहेको ब्यहोरा देखिन आयो । यसप्रकार श्रेस्ता र बैंकमा फरक पर्न गएको रु. ८५४७४०८।६५ का सम्बन्धमा हिसाब मिलान विवरण तयार गरि यथार्थता एकिन गरिनु पर्दछ।

| सि. नं. | खाताको नाम | २०७९/४/१ माबैंक मौज्दात रकम |
|---|---|---|
| १ | संचित कोष खाता | १२४४७८२९४.६३ |
| २ | बाँडफाँड बाट प्रासराजश्व खाता | ५६६८७०.२५ |
| ३ | धरौटी खाता | ५२८३८७० |
| ४ | मर्मत सम्भार कोष खाता | ३०५०० |
| ५ | विविध खर्च खाता | १८९७४७३.१८ |
| ६ | प्रकोप व्यवस्थापन कोषखाता | २२१६८१.४५ |
| ७ | आन्तरिक अनुदान खाता | ४० |

| | | |
|---|---|---|
| ८ | आन्तरिक राजश्व खाता | ५४६९७३.७७ |
| | संघिय शसर्त फिर्ता | ५२२८०६५१।३५ |
| | जम्मा | ८०७४५०५१।९३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |
| |

५ **अन्तिम मौज्दात हिसाब मिलान**

कार्यालयले विद्यमान कानुन र लेखाको मान्य सिद्धान्त अनुसार हिसाव मिलान गर्नुपर्दछ। कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदन मार्फत पेश गरेको एकिकृत आय ब्यय विवरण अनुसार यस आर्थिक वर्षको अन्त्यमा मौज्दात बाँकी रहेको सबै खाताको एकमुष्ट रकम रु २९७८४८१८.७३ रहेको देखाएको छ । तर कार्यालयले उपलब्ध गराएको देहायका खाताहरुको बैंक मौज्दात बाँकी यस आ. व. को अन्त्यमा रु २९८१५३५८।७३ रहेको देखियो । यसप्रकार श्रेष्ता र बैंकमा फरक पर्न गएको रु ३०५४०। का सम्बन्धमा हिसाब मिलान विबरण तयार गरि यथार्थता यकिन गरिनु पर्दछ।

| सि. नं. | खाताको नाम | श्रेष्ता अनुसारबाँकी रकम | बैंक स्टेटमेन्टअनुसार बाँकी रकम |
|---|---|---|---|
| १ | संचित कोष खाता | १४९९५७१०.४९ | १४९९५७१०.४९ |
| ३ | धरौटी खाता | ९९०२४७९.७३ | ९९०२४७९.७३ |
| ४ | मर्मत सम्भार कोष खाता | ० | ३०५०० |
| ५ | विविध खर्च खाता | ४६६४९४७.०६ | ४६६४९४७.०६ |

| | | | |
|---|---|---|---|
| ६ | प्रकोप व्यवस्थापन कोषखाता | २२१६८१.४५ | २२१६८१.४५ |
| ७ | आन्तरिक अनुदान खाता | ० | ४० |
| | जम्मा | २९७८४८१८।७३ | २९८१५३५८।७३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६ **रकम फिर्ता**

कार्यालयले संघीय शसर्त बजेटबाट प्राप्त भएको रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा उक्त रकम संघीय सरकारको सम्बन्धित खातामा फिर्ता गर्नुपर्दछ। कार्यालयले अमर मा. वि. लाई कक्षाकोठा निर्माण गर्न भनि निकासा दिएको रकम रु ५० लाख मध्ये आर्थिक वर्षको अन्त्यमा खर्च नभइ फिर्ता भएको रु १५००००।गा. पा. संचित कोपमा दाखिला गरेको छ। तर उक्त रकम संघीय संचित कोषमा फिर्ता गरेको देखिन नआएकोले फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको जनाएको छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• कार्यालय संचालनको लागी आवश्यक स्टेशनरी लगायतका सामानहरु वार्षिक रुपमा आवश्यकता पहिचान गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा पारी पटक पटक खरिद गर्ने गरेको,

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ उपनियम (४) बमोजिम प्राप्त हुने नगद रकम दैनिक रुपमा बैंकमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैक दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिनमा र कतिपयले मासिक रुपमा दाखिला गर्ने व्यहोरा उल्लेख गरेका छन् ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७२(ख) बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतविवेदन पारित नगरी खर्च लेखेको पाईयो ।

• वडाबाट तथा कुनै शाखाले सञ्चालन गरेका विभिन्न बैठकहरुको बैठक भत्ता भुक्तानी गरिएकोमा बैठकका निर्णय अध्ययन गर्दा अधिकांशमा बैठकको स्पष्ट कार्यविधि नभएको तथा केहिमा महत्वपुर्ण निर्णय नभएको तर बैठक भत्ता भुक्तानी गरेको पाईएको ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र सो अनुरुप गरेको कन्टिन्जेन्सी खर्च स्पष्ट देखिने गरी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने नगरेको ।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने नगरेको ।

• पालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश यथा सम्भव अग्रीम रुपमा र अग्रीम रुपमा सम्भव नभए लगतैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा नगराई भ्रमणको ३/४ महिना पश्चातको कार्यपालिका बैठक बाट अनुमोदन गर्ने गरेको ।

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्म सँग रु. २० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धि काम मात्र उल्लेख गर्ने गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने नगरेको छ।

• पदाधिकारीलाई मासिक सुविधा अन्तर्गत पाउने सञ्चार सुविधाको अतिरिक्त मोवाइल रिचार्ज कार्डमा थप खर्च लेख्ने गरेकोले यसमा नियन्त्रण हुनु पर्ने देखिन्छ।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधी, २०७७ परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३८०० | १३१२५ | ५५ |
| २ | पूर्वाधार विकास | २१८६९९ | १६४६६७ | ७५ |
| ३ | सामाजिक विकास | २९६५६८ | २६१६७७ | ८८ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ९१७५ | ६५१७ | ७१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १००१७२ | ८६६९५ | ८७ |
|  | जम्मा | ६४८४१५ | ५३२६८३ | ८२ |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः
खर्च बिश्लेषणः पालिकाले यस वर्ष गरेको आन्तरिक आम्दानी रु २,७५,७३,७५८.३१।, गतवर्षको मौज्दात अ. ल्या. रु. ७२१९७६४३.२८ र राजस्व बाँडफाँडबाट रु. ९३९३०२७४.६२ समेत रु.५४,६९,१५,७४७।८९ आम्दानी गरेकोमा चालु तर्फ रु. ३१,२७,२५,४७९।३६, पूँजिगत तर्फ रु. २१,९९,५८,२२२।०४ र वित्तीय व्यवस्था तर्फ रु.० समेत रु.५३,२६,८३,७०१.४० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.१८ प्रतिशत रहेको छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|
| |

## ९ चौमासिक खर्च

चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्रं. सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | २१९९५८ | ४६२७६ | ३२९९८ | १४०६८४ | ५५१२६ |
| | जम्मा | २१९९५८ | ४६२७६ | ३२९९८ | १४०६८४ | ५५१२६ |
| | प्रतिशत | १०० | २१ | १५ | ६४ | २५ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

## १० सिफारिश तथा न्यायसमिति सिफारिस

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | 223 |
| मृत्युदर्ता | 66 |
| बसाईसराई भई आउनेको दर्ता | 4 |
| बसाईसराई भई जानेको दर्ता | 146 |
| विवाह दर्ता | 89 |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

## ११ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फस्यौंट विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 0 उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका 3 वटा विवाद दर्ता भएकोमा जम्मा 3 मध्ये 2 वटा फस्यौंट भई यो वर्ष फस्यौंट नभई 1 वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १२ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्नेगरि सुविधा पाउने व्यवस्था गरेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु.9875300।पदाधिकारी सुविधामा भुक्तानी गरेको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १३ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ८१ जना कर्मचारीहरु करारमा राखी रु.15999887। भुक्तानी दिइ खर्च लेखेको छ । जस मध्ये स्वीकृत दरबन्दी भन्दा बाहीरको कर्मचारी करारमा भर्ना गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिने हुदा यसमा नियन्त्रण गरिनु पर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १४ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गतबिगतको बाकी मौज्दात

रु. 4 लाख र योवर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी जम्मा गरेको शुन्यमा योवर्ष खर्च शुन्य गरी बर्षको अन्त्यमा रु 4 लाख बाकी मौज्दात रहेको जनाएको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १५ खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु.897653। खर्च गरेको बिबरण प्राप्त भएको छ । खर्चका बिल प्रमाण हेर्दा कतिपय खर्चको प्रयोजन खुल्दैन । पालिकाले वडा बैठक गाउँ सभा कार्यपालिकाको बैठक विषयगत समिति र विषयगत शाखाहरुको बैठक बार्षिक समिक्षा र अन्तरक्रिया लगायतको खाना तथा खाजामा खर्च भएको जनाएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औल्याएको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १६ सवारी साधन मर्मत

सार्वजनिक खरिद ऐन,2063 को दफा 5 मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको एंव नियमावली,2064 को नियम 13(5) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मत संभारको लागत अनुमान तयार गर्दा सो निकायमा सोसँग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था छ । यस बर्ष कार्यालयले 2 वटा गाडी र 30 वटा मोटरसाईकल मर्मत खर्च गरेकोमा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत गरेको पाईएन । पालिकाले लागत अनुमान स्वीकृत गराएर मात्र खर्च गर्नुपर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औल्याएको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १७ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत

सम्भार एवं संरक्षण गरेको।अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु।गराउनु।अभिलेख राख्नु पर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

१८ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन,2063 को दफा 8 बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, 2064 मा रु.10 लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने रु 10 लाख भन्दा माथि रु 20 लाखसम्म सिलबन्दी दरभाउपत्र र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक बर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एंव एउटा आपूर्तिकर्तासँग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । खरिद कार्य गर्दा खरिदमा प्रतिस्पर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा वोलपत्रमार्फत खरिद गर्नुपर्नेमा पालिकाले विभिन्न फर्महरुसँग मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको छ । पालिकाले बर्षभरीमा आवश्यक सामाग्रीहरु पुर्वानुमान गर्न नसकिने भएकोले पटक पटक खरिद गर्नु परेको जनाएको छ । बिगतको सामान खपतको प्रवृति विश्लेषण, माग संकलन गरी बार्षिक खरिद आवश्यकता पहिचान गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औंल्याएको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

१९ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली,2064 को नियम 10(7) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-1 को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च 2 प्रतिशत र सानातिना अन्य खर्च 2 प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले यो बर्ष निर्माण कार्यको लागत अनुमानको 3 प्रतिशत कन्टिन्जेन्सी कट्टा गरेर खर्च गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति रकम खर्च भएको भन्ने सम्बन्धमा एकिन गर्न सकिएन । नियममा भएको व्यवस्था बमोजिम कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी त्यस्तो खर्चलाई व्यवस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औंल्याएको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

२० **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। कार्यालयबाट प्राप्त बिबरण अनुसार यस वर्ष उपभोक्ता समिति मार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्

| क्र.सं. | विवरण | योजनासंख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ७० | ४७२९ |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | १८४ | ४८८८९ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ४२ | २८९५६ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | १८ | ३१७९१ |
| ५ | ५० लाख भन्दा माथिका योजना | ७ | ५९१६० |
| | जम्मा | ३१४ | १७३५२५ |

सैद्धान्तिक बेरुजु

२१ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## २२ पेश्की बाँकी विवरण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ती तथा संस्थाले देहाय बमोजिम लिएको मोबिलाइजेशन लगायत अन्य पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिएको रु

| गौ भौ नं। मिति | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की बाकी रकम | म्याद नाघेको पेश्की बाकी रकम |
|---|---|---|---|
| 44/2079/05/08 | हरि शान्ति कन्ट्रक्सन्स | 1345000 | |
| 64/2079/07/24 | मिर नेपाल कन्ट्रक्सन्स | 2290000 | |
| 43/2079/05/28 | बतास ब्रदर्स प्रा. लि. | | 800000 |
| 18/2080/03/23 | ज्वाला खोला झोलुङ्गे पुल उपभोक्ता समिति | 485000 | |
| | जम्मा | 4120000 | 800000 |

| | | पेश्की | ८,००,००० |
|---|---|---|---|
| | | | |

## २३ राजश्व ढिला गरी दाखिला

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा २७ मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सरकारी कारोबार गर्ने बैकमा सोही दिन वा काबु बाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट संचितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । वडामा प्राप्त नगद आम्दानी बैक दाखिला परीक्षण गर्दा नगद असुल भएको रकम अर्को महिनामा बैक दाखिला भएको देखिन्छ । पालिकको राजश्व शाखामा प्राप्त भएको राजश्व पनि केही दिनपछि मात्र जम्मा भएको देखिन्छ । समग्र कारोवार अनलाईन गरी सेवाग्राहीलाई सोझै बैकमा जम्मा गर्ने गराउने तिर पालिकाको ध्यान जानु पर्ने देखिन्छ । संकलित रकम समयमै दाखिला नहुँदा राजश्वको दुरुपयोग हुन सक्ने भएको हुदा पालिकाले समयमै राजश्व दाखिला गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औल्याएको छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## २४ आन्तरिक आय

(क) पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रु.१ करोड ६४ लाख ९० हजार सकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ रु.2 करोड 75 लाख 73 हजार 758।31 आम्दानी देखाएको छ । राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने तर्फ पालिकाले थप ध्यान दिनु पर्ने देखिन्छ ।

(ख) आन्तरिक आय सकलनको लागि पालिकाले सफ्टवेयर सचालनमा ल्याए तापनि वडा नं. १ देखि ८ वटै वडामा हार्डकपि नगदी रसिद प्रयोग गरी आम्दानी संकलन गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रत्येक वडाको जम्मा आम्दनी रु.४१४६०६९।३२ रहेको देखिएकोमा सवै वडामा असुल भएको नगद समयमा बैक दाखिल भएको देखिदैन । नगद असुल भएको वडामा रसिद प्रयोग गरेको भएता पनि प्रत्येक दिनको आम्दानी दैनिक कितावमा चढाई प्रत्येक दिनको अल्या गर्नु पर्नेमा सो समेत गरेको देखिएन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

| |
|---|
| |

२५ **असुली**

यस पालिकाको वडा नं १ झापुटार स्थित गिट्टी ढुंगा दहत्तर बहत्तर को संकलन र निकासी को शुल्क वापत निजको कबोल अंक रु २६ लाख ५० हजार मा मू. अ. कर र १.५ प्रतिशत अग्रिम कर समेतले हुने रकम रु ३०३४२५० को ठेक्का सम्झौता ठेकेदार स्मार्ट भिजन कन्सट्रक्सन एण्ड सप्लायर्स संग भएको छ। सम्झौतामा निजले उक्त रकम शुरुमै एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिने उल्लेख रहेको छ। तर निजले उक्त रकम शुरुमै एकमुष्ट रुपमा नबुझाई क्रमशः २०८०/२/८ मा रु ५१२५४०, २०८०/२/२९ मा रु १ लाख, ४ अप्रिल २०२३ मा रु ३ लाख ३० हजार र ४ लाख ५० हजार, २६ जुन २०२३ मा रु ३ लाख र १८ जनवरी २०२३ मा १२ लाख समेत रु २८९२५४० दाखिला गरेको देखियो। तसर्थ निजले सम्झौता बमोजिम शुरुमै एक मुष्ट रुपमा रकम नबुझाएको हुँदा निजले खावी गरेको छुट रकम रु १४१७१० मा वार्षिक १० प्रतिशत ब्याज समेतले हुने रकम यकिन गरि सो समेतले हुने रकम निजबाट असुल हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १,४१,७१० |

| |
|---|
| |

२६ **घटी राजश्व असुली**

कार्यालयले अनुगमन गराएको IEE प्रतिवेदन अनुसार वेलटार क्षेत्रमा १५७५० घ. मि. र पडके बगर क्षेत्रमा ८४२४ घ. मि. गरि हुने २४१७४ घ. मि ढुङ्गा गिट्टी, वालुवा र दहत्तर बहत्तरको संकलन र प्रयोग गर्न पालिकाले नेपाल विद्युत प्रधिकरण मातहतको निर्माणाधिन तनहुँ हाइड्रोपावर कम्पनीलाई अनुमती दिएको र सो वापत उक्त हाइड्रो पावरले पालिका लाई यो वर्ष जम्मा रु ७२११५७५ राजश्व बुझाएको देखिन आयो। उक्त २ क्षेत्रको नजिकमा पर्ने ठेक्का ब्यवस्थापन मार्फत राजश्व संकलनको सम्झौता भएको स्थान झापुटारमा ठेकेदारले ८१३३ घ. मि. ढुंगा गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन र निकासी गर्न मु. अ. कर र १.५ प्रतिशत अग्रिम कर समेत जम्मा रु ३०३४२५० कबोल गरी कार्य गरेको अवस्थामा प्रति घनमिटर रु २९८.३२ मात्र पर्न आएको दिखिएको हुँदा ठेक्का सम्झौता द्वारा कायम भएको उक्त बजार दर भन्दा तनहुँ हाइड्रोपावर कम्पनीले प्रति घनमिटर रु.७४.७६ ले हुने जम्मा रकम रु १८०७२४८। घटी राजश्व बुझाएको देखिएको हुँदा यसमा सम्वन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

| |
|---|
| |

२७ **अभिलेख**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२८ **प्रमाण कागजात**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।19 को निर्णयबाट रु. ४४,९६,२८९ सम्परीक्षण गरिएको ।)*

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ० |

२९ **बैठक भत्ता**

संघीय अर्थ मन्त्रालयबाट जारी भएको आर्थिक कार्य संचालन निर्देशिका, २०७७ र गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ३ मा बैठक भत्ता खर्च लेख्दा पालना गर्नुपर्ने मापदण्डहरुको बारेमा उल्लेख गरेको छ। जसमा कार्यालयका कर्मचारी वा पदाधिकारी मात्र उपस्थित बैठकमा कार्यालय प्रमुख अर्थात जिम्मेवार व्यक्तिले बैठक भत्ता खान र खुवाउन मिल्ने देखिदैन। कार्यालयले ठेक्काको बोलपत्र मूल्याङ्कन गर्दा बैठक वसेको भनि गौ भौ नं १६०।०७९।१०।२६ बाट कार्यालयको कर्मचारी मात्र उपस्थित बैठकमा आफु समेतका व्यक्तिहरुलाइ ४१ वटा बैठकको बैठक भत्ता रु.३०७५००।र गौश्वरा भौचर नं ३७४/०८०/२/१२ बाट २६ वटा बैठकको बैठक भत्ता रु.१६०५००। समेत जम्मा रु.४६८०००। भुक्तानी गरेको छ । यसप्रकार जिम्मेवार व्यक्ति आफु स्वयं समेतका बिभिन्न व्यक्तिलाइ भुक्तानी दिएको बैठक भत्ता रकम कानुन बिपरित देखिएकोले निजले भुक्तानी लिएको रकम क्रमशः रु.६१५००। र रु.३९०००। समेत रु.१००५००। निजबाट असुल हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १,००,५०० |

३० **ठेक्काको लगत**

सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष तथा गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा

ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## ३१ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष रु.१२३९१००।को औषधी एक बोलपत्रको माध्यमबाट र रु. २८९१८६९। मुल्यको औषधी बिभिन्न ३ बिक्रेताबाट सोझै वा दरभाउपत्रको माध्यमबाट खरिद गरेको बिबरण प्राप्त भएको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख

राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

(क) औषधी खरिद टुक्राएको — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट र ३ वटा खरिदलाइ सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार खरिद गरेको मध्ये बोलपत्रबाट भएको खरिदमा पर्याप्त र स्वस्थ्य प्रतिस्पर्धा भइ स्वीकृत लागत अनुमान भन्दा ३६.८ प्रतिशत घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरिएको छ भने बाकी ३ वटा सोझै दरभाउपत्र लिएर खरिद गरेका खरिदहरुमा स्वीकृत लागत अनुमान भन्दा शुन्य प्रतिशत घटी दरमा खरिद गरेको देखियो । यसप्रकार टुक्रा गरेर खरिद कार्य गर्दा सोझै दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा सोझै दरभाउपत्रबाट गरिएको खरिद रु. २८९१८६९। को ३६.८ प्रतिशतसम्मले हुने रकम बढी लागत पर्न गइ कार्यालयलाइ रु. १०६४२०८।थप दायित्व पर्न गएकोले अनियमित भएको रु

| खरिदको बिबरण | लागत अनुमान | खरिद बिधि | प्राप्त प्रस्ताब | प्रथम घटि प्रतिशत | आपुर्ति कर्ता | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| औषधि तथाऔषधिजन्य सामाग्री खरीद | २१७४७९९ | बिद्धुतिय वोलपत्र | ४ | ३६.८ | क्यान्डेला मेडि कर्न्सन | १३६५६३० | १२३९१०० |
| स्वास्थ्य प्रयोगशालाका औजार उपकरण ररसायनहरू | ९९९७५३ | दरभाउपत्र | ३ | ० | माछापुच्छ्रे मेडिसिनसप्लायर्स पोखरा | ९९९७५३ | ९९९७५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ILR Refrigerator, न्यानो झोला, वर्थिङ सेन्टरकाे आवास्यक सामाग्री | ८९५०७३ | दरभाउपत्र | ३ | ० | राइटमेड सर्जिकल प्रा ली काठमाण्डौ | ८९५०७३ | ८९५०७३ |
| औषधि तथा औषधिजन्य सामाग्री खरीद | ९९७०४३ | दरभाउपत्र | ३ | ० | तारागंगा मेडिसिनसप्लायर्स कोहलपुर | ९९७०४३ | ९९७०४३ |
| जम्मा | ५०६६६६८ | | | | | ४२५७४९९ | ४१३०९६९ |

टेण्डर बाहेकको खरिदमा लागत अनुमान तयार गर्दा नै १५ प्रतिशत घटाएर तयार गरी स्वीकृत गरेको र सबै खरिद औषधी मात्र नरहेको जवाफ प्राप्त भएको छ ।

(ख)औषधीको सदुपयोग- आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०७९।८० को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो ।यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।

| क्र.स | औषधीकोनाम | परिमाण | मुल्य दर |
|---|---|---|---|
| 1 | Acetylsalicylic acid (aspirin) | 25 tab. | 25 |

| | | | |
|---|---|---|---|
| 2 | Albendazole 400 mg | 100 tab. | नखुल्ने |
| 3 | Amoxicillin 250mg | 410 tab. | 400 |
| 4 | Azithromycin 500mg | 130 tab | 2600 |
| 5 | Benzoic acid | 10 oint. | नखुल्ने |
| 6 | Ciprofloxacin hydrochloride 500mg | 2825 tab. | 8757.5 |
| 7 | Compound sodium lactate (RL) | 5 bott. | 200 |
| 8 | Chlorhexidine gel 4% | 14 gel | नखुल्ने |
| 9 | Cloxacillin 500mg | 40 tab | 160 |
| 10 | Dextrose 5% 500ml | 2 bott. | नखुल्ने |
| 11 | Ferrous sulphate 60mg + folic acid 0.4 mg | 2500 tab | 2125 |
| 12 | Frusemide 40mg | 20 tab | 16 |
| 13 | Fluconazole150 mg | 54 tab. | 324 |
| 14 | Gentamycin 80mg/2ml | 50 ampoule | नखुल्ने |
| 15 | Hydrocortisone 100mg in vial | 2 vial | नखुल्ने |
| 16 | Ibuprofen 400mg | 20 tab. | 66 |
| 17 | Metformin 500 mg | 100 tab. | नखुल्ने |
| 18 | pills cycle | 90 cycle | 2107.8 |

| | | | |
|---|---|---|---|
| 19 | Syp.paracetamol 125 mg in 60ml | 10 bott. | नखुल्ने |
| 20 | Tinidazole 500mg | 180 tab. | 720 |
| 21 | Zinc sulphate 20mg | 480 tab. | 480 |

(ग)त्यसैगरी यसप्रकार खरिद गरेर वा अन्य निकायबाट बिगत र योवर्ष प्राप्त हुन आएका औषधी तथा सर्जिकल सामानहरु मध्ये बिभिन्न आइटमका धेरै परिमाण र मुल्यका औषधी तथा सर्जिकल सामानहरु आर्थिक वर्षको अन्त्यसम्ममा पनि मातहतका स्वास्थ्य चौकी तथा संस्थाहरुमा नपठाइ पालिकाको जिन्सी खातामा मौज्दात राखि राखेको व्यहोरा जानाकारी प्राप्त भयो । यसप्रकार समयमै मातहतका सम्वन्धित निकायमा नपठाइ पालिकामै थन्काएर राखिराखेबाट थप औषधी तथा सर्जिकल सामानहरु समेत म्याद सकिइ प्रयोजन बिहिन हुनसक्ने तर्फ सम्वन्धित निकाय तथा पदाधिकारीहरुको यथाशिघ्र ध्यानजानुपर्ने देखिन्छ ।

(घ) सेनिटरी प्याड - सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरीप्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ । यस स्थानीय तह र अन्तर्गतका बिद्यालयले सो कार्यबिधि बमोजिम अभिलेख राखेको देखिएन । पालिकाले विद्यार्थी संख्या एकिन गरि विद्यालयको माग फारमको आधारमा मालसमान खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याड खरिद गर्दा सोझै ३ दरभाउपत्र मार्फत २०७९।०८० मा श्री ए. जी पावर सप्लायर्स सँग सँग रु.९८१९७०।को सेनिटरी प्याड खरिद गरेको छ । आर्थिक वर्षको अन्त्यमा रु.९८१८७०।मौज्दात बाकी रहेको छ । पालिकाले विद्यार्थी संख्याको आधारमा आवश्यक्ताको बिश्लेषण गरी समयमा खरिद गरी विद्यालयको माग बमोजिम वितरण गर्ने तर्फ ध्यान दिनुपर्नेमा खरिदको ठुलो परिमाण मौज्दात रहने गरी खरिद गरेको छ । हाल सबै बितरण भइसकेको जवाफ र भर्पाइ कार्यालयबाट प्राप्त भएको छ ।

| | |
|---|---|
| अनियमित भएको | १०,६४,२०८ |

३२ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष देहाय बमोजिम रु.१३४४९४३५। रकमको खरिद गर्दा देहाय बमोजिम रु.९०००३८८। बराबरको खरिदलाइ टुक्रा बनाइ सोझै तथा ३ वटासंग खुला दररेट माग गरी खरिद गरीएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । पालिकाहरुले यो वर्ष खरिद कार्य गराउदा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार सोझै खरिद गरेको कार्यलाइ नियमसम्मत भएको नदेखिएको रु

| कामको विवरण | लागत अनूमान | खरिद बिधि | प्राप्त प्रस्ताव | प्रथम घटी प्रतिशत | निर्माणब्यवसायी/ आपुर्तीकर्ता | सम्झौता | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ Construction of Boundary Wall of Admin Building | 3998160 | e-bid | 2 | 27.57 | Manakamana Construction | 2,895,714 | 2,595,709 |
| २ गाउँपालिका प्रशासनिक भवनको अधूरो कम्पाउण्ड वाल निर्माण | 999,444.15 | सोझै दररेट | 3.00 | 0.31 | नेपाल विल्डर्स् एण्ड इन्जिनीयरीङ्ग कम्पनी प्रा लि चितवन | 996,373.32 | 897,324.08 |
| ३ गाउँपालिकाको क्यान्टिन निर्माण | 999,952.70 | सोझै दररेट | 3.00 | 0.69 | ज्यामिरे माइ बिल्डर्स एण्ड सप्लायर्स् प्रा. ली | 993,009.97 | 932,568.50 |
| ४ प्रशासनिक भवनको ट्वाइलेट निर्माण | 320,308.67 | सोझै दररेट | 3.00 | 2.93 | सत्य निर्माण सेवा,पोखरा | 310,905.22 | 310,905.22 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ औधोगिक ग्रामको थप कम्पाउण्ड वाल निर्माण | 997,174.59 | सोझै दररेट | 3.00 | 0.26 | अन्वेषा कन्सट्रक्सन,तनहुँ | 994,590.99 | 936,517.05 |
| **जम्मा** | **7315040.11** | | | | | **6,190,594** | **5,673,024** |
| १ ह्युम पाइप खरीद | 439,246.00 | सोझै दररेट | 3.00 | 2.23 | जि. एस. आर. कंक्रिट पाइप प्रा. लि., पोखरा | 429,426.00 | 408,904.76 |
| २ ह्युमपाइय २६ थान खरिद | - | सोझै | 1 | 0 | जिएसआर कंक्रिट पाइप प्रा ली | - | ४३९२४६ |
| ३ HDPE पाइप खरिद | - | सोझै | | 0 | पिके हार्डवेयर | - | ६८७३७ |
| ४ HDPE पाइप खरिद | - | सोझै | 1 | 0 | पिके हार्डवेयर | - | ३२६८९६ |
| ५ ग्याबियन बक्स खरीद | 534,347.75 | सोझै दररेट | 3.00 | 1.48 | मुस्ताङ्ग जि आइ वायर इन्डस्ट्रीज् एण्ड सप्लायर्स प्रा लि,पोखरा | 526,420.70 | 501264.31 |
| ६ जस्ता पाता २९ थान खरिद | - | सोझै दररेट | 3 | ० | प्रदिप हार्डवेयर | - | ३९९९० |
| ७ जस्तापाता ४ बण्डल खरिद | - | सोझै | 1 | ० | अधिकारी हार्डवेयर | - | ५०००० |
| **जम्मा** | | | | | | | **2,195,038** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ प्राविधिक ल्याब स्थापना तथा सम्बन्धित सामाग्रि खरिद | 998,920 | सोझै दररेट | 3 | 1.13 | रालुका देवी ट्रेड कन्सर्न | ९९८९२० | ९९८९२० |
| १ ल्यापटप ३ र युपिएस ४ खरिद | - | सोझै | | 0 | पिसिएस ट्रेड्र्स | - | 297424 |
| २ कम्प्युटर, ल्यावटप, प्रिण्टर लगायत खरिद | - | सोझै दररेट | 3 | ० | नासा कम्प्टर सप्लायर्स | - | १९४००० |
| ३ ल्यापटप, फोटोकपी मेसिन लगायत खरिद | - | सोझै दररेट | 3 | ० | पिनाकल कम्प्युटर | - | ९९५६४३ |
| ४ मेसिन उपकरणहरु खरिद | - | सोझै | 1 | ० | पोखरा बिन्धबासिनी ट्रेडर्स | - | १४९५९७ |
| ५ युपिएस व्याट्री १५ थान खरिद | - | सोझै | 1 | ० | सनराइज कम्प्युटर सप्लायर्यस | - | १९९५०० |
| ६ ल्यापटप ८ थान खरिद | - | सोझै | 1 | ० | सिसा आइटी इण्टरप्राइजेज | - | ५००००० |
| **जम्मा** | | | | | | | **2336164** |
| १ फर्निचर खरिद | - | सोझै | | 0 | ज्यामिरेमाइ फर्निचर उद्योग | - | ९९६४३ |
| २ फर्निचर खरिद | - | सोझै | | 0 | शान्ती मा वि | - | ९७००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ फर्निचर खरिद | - | सोझै दररेट | 3 | ० | युवा ट्रेड सप्लायर्स | - | २७२०४८ |
| ४ फर्निचर खरिद | - | सोझै दररेट | 3 | ० | स्याङ्जाली फर्निचर एण्ड फर्निसिंङ्ग सप्लायर्स | - | ५४९१८० |
| ५ फर्निचर खरिद | - | सोझै | 1 | ० | भण्डारी काष्ठ उद्योग | - | ७४००० |
| ६ फर्निचर खरिद | - | सोझै | 1 | 0 | मल्ल फर्निचर ल्याण्ड | - | ३००००० |
| **जम्मा** | | | | | | | **१३९१८७१** |
| १ विभिन्न छपाई तथा कार्यालय सामाग्री | 685113.35 | सोझै दररेट | 3 | ० | शुभकामना सप्लायर्स | 685113.35 | 676018 |
| १ अग्नि नियन्त्रण ग्या सिलिण्डर खरिद | 1,80,800 | सोझै दररेट | 3 | ० | डि. एस. एस.एस.सुरक्षा प्रा. लि. | 180800 | 178400 |
| **जम्मा** | | | | | | | **13,449,435** |

| | |
|---|---|
| अनियमित भएको | ९०,००,३८८ |

३३ **म्यादथप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्यादथप र नियम १२१ मा पुर्वनिर्धारित क्षतिपुर्ति सम्वन्धी व्यवस्थाहरु रहेको छ ।कार्यालयले देहाय बमोजिमका ठेक्काहरुमा निम्नानुसार म्यादथप गरेको छ । यसरी म्यादथप गर्दा कतिपय ठेक्कामा ठेक्काको शुरु सम्झौता अवधि भन्दा धेरै गुणा बढी अवधिसम्म पनि म्यादथप गरी कार्य सम्पन्न गर्ने

अवधिलाइ लम्वाउने गरेको देखियो । यसरी म्यादथप गर्दा म्यादथप गर्नुपर्ने अधिकाशं कारणहरुमा महंगी बढेको, वर्षा, निर्माण व्यवसायीहरुको निर्माण होलीडे भएको, चाडपर्वहरु आदि जस्ता थुप्रै कारणहरु समेत उल्लेख गर्ने गरेको देखियो । कतिपय निर्माण व्यवसायीको पटक पटक म्यादथप गर्दा निर्माण व्यवसायीले उचित र पर्याप्त कारणहरु सहित दिएको निवेदन बेगर समेत कार्यालय प्रमुखबाट म्यादथपको निर्णय गर्ने गरेको छ । त्यसैगरी कतिपय निर्माण व्यवसायीले यो आ व मा कुनै काम नै नगरेको र भुक्तानी नलिएको अवस्थामा समेत कार्यालय प्रमुखबाट बिना हर्जना म्यादथपको निर्णय गरेको समेत पाइयो । निर्माण व्यवसायीको कावु वाहिरको परिस्थिति अप्रत्यासित उत्पन्न भइ काममा ढिलाइ हुन गइ कार्य सम्पन्न गर्न ढिला भएमा नियमानुसार म्यादथप गर्न सक्ने कानुनी अवस्था र भावलाइ दुरुस्त कार्यान्वयन नगरी पुर्वनिर्धारित परिस्थिती र स साना कारणहरु समेतलाइ आधार बनाइ ठेक्काको शुरु सम्झौता अवधी भन्दा धेरै बढी समेत हुनेगरी पटक पटक म्यादथप गर्दै जाने गरेबाट आयोजना ढिला सम्पन्न हुने, सर्वसाधारण लाभग्राही/जनता आयोजनाबाट पाउने लाभबाट लामो अवधीसम्म बन्चित हुनजाने र आयोजनाको लागत बढ्न जाने आदि अवस्था श्रृजना हुने देखिन्छ । यसमा देखिएका केही उदाहरण निम्नानुसार छन् ।

| सि नं | योजनाको नाम | सम्झौता रकम | निर्माण व्यवसायी | सम्झौता मिति | शुरु अवधी | म्यादथप संख्या | म्यादथप अवधि | म्यादथप प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Main Office Building of Rishing Rural Municipality. | 35,221,325.26 | Rishishakti Builders, Kathmandu | 31 Bhadra 2075 | 2 yrs | 4 | Poush 4, 2079 | 167 |
| 2 | Upgrading works on Jhaputaar-Kahun Road (Section-II) | 6,703,144.40 | Asian/Sita JV | 29 poush 2077 | 6 months | 4 | 29 Magh, 2080 | 517 |
| 3 | Upgrading of Shringapath Road (Section-III) | 10,226,833.42 | Asian/Sita JV | 29 poush 2077 | 6 months | 4 | 29 Magh, 2080 | 517 |
| 4 | Construction of Primary Hospital (10 Bed) at Rishing-4 | 77,797,988.21 | Om Buddha/ Harittara JV | 6 Ashad, 2078 | 2 yrs | 1 | 6 Ashad, 2081 | 50 |
| 5 | Upgrading works of Shringapath Road (Section V) upto Bhirkot | 22,319,661.34 | Naya Bato/ Saraswoti JV | 5 Asoj, 2078 | 1 yr | 1 | 5 Chaitra, 2079 | 50 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 6 | Upgrading works of Dhungadey-Ruptaar Road (Ruptaar Section) | 9,996,149.39 | Bijendra Construction | 13 Poush, 2078 | 6 months | 3 | 30 Asoj,2080 | 258 |
| 7 | Construction of Sabha Hall at Rishing-1, Jhaputaar | 15,258,022.63 | HariShanti Construction | 22 Baisakh, 2079 | 1 yr | 1 | 21 Baisakh, 2081 | 100 |
| 8 | Construction of 1 storey 4 classroom building on Balbikash MaVi, Rishing-4 | 6,306,087.80 | Anwesha Construction | 5 Bhadra, 2079 | 6 months | 2 | 30 Asoj, 2080 | 125 |

सैद्धान्तिक बेरुजु

३४ **अधुरो ठेक्का**

निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधि भित्र तोकिएको कार्य तोकिए बमोजिम सम्पन्न गर्नुपर्दछ।सम्पन्न गर्न नसकिने उचित कारण भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्यादथप गरेर र निर्माण व्यवसायीको हेलचेक्रयांइको कारण तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसके नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी नियम १२० बमोजिम म्यादथप गरेर निर्माण कार्य सम्पन्न गराउनु पर्ने प्रावधान रहेको छ। निम्न निर्माण कार्यका ठेक्काहरुमा निर्माण व्यवसायीहरुले पछिल्लो पटक थप भएको अवधि सकिदा समेत सम्झौतामा तोकिए बमोजिमको निर्माण कार्य सम्पन्न गरेको लेखापरीक्षणमा देखिन आएन । निम्नानुसारको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न नगरी अधुरो रहेको देखिन आयो । यसप्रकार अधुरो अवस्थामा रहेका निर्माण ठेक्काहरुमा नियम १२१ मा भएको प्रावधान बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नेगरी नियम १२० बमोजिम ठेक्काको म्यादथप गरेर यथाशिघ्र कार्य सम्पन्न गर्नु गराउनु पर्ने देखिन्छ।

| सि नं | योजनाको नाम | सम्झौता रकम | निर्माण व्यवसायी | सम्झौता मिति | म्यादथप समेत अवधि | जम्माकाम र भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | Upgrading works of Dhungadey-Ruptaar Road (Ruptaar Section) | 9,996,149.39 | Bijendra Construction | 13 Poush, 2078 | 30 Asoj,2080 | 7,634,204 |
| २ | Construction of Ward-2 Building | 6,059,782.60 | Satya Nirman Sewa | 5 Bhadra, 2079 | 14 Mangsir 2080 | 1,841,659 |
| ३ | Upgrading of Sapangdi-Ruptaar Road | 7,402,222.50 | Bhala Narayan Construction | 5 Poush, 2079 | 15 Asad, 2080 | 6,328,825 |

सैद्धान्तिक बेरुजु

३५ **पेश्की जमानत**

पेश्की जमानतः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ उपनियम (३) मा पेश्की जमानत सम्वन्धी प्रावधान रहेको छ । कार्यालयले देहायको ठेक्का सम्झौतामा दिएको मोविलाइजेशन पेश्की रकम लेखापरीक्षण अवधिसम्ममा फछ्यौंट नभइ बाकी रहेको देखिएकोमा उक्त पेश्की बाकी रकमको बैंक जमानतको मान्य अवधी लेखापरीक्षणको समयमा समाप्त भइ जोखिममा पर्न गएको देखियो । यसमा सम्वन्धितको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

| कसं. | योजनाको नाम | भुक्तानी लिने | पेश्की बाँकी रकम | जमानतको म्याद समाप्तमिति |
|---|---|---|---|---|
| १ | ऋषिङ्ग जापुटारमा सभाहल निर्माण कार्य | हरिशान्ती कन्स्ट्रक्सन | १३४५००० | २०७८।८।२३ |
| २ | ऋषिङ्ग पाटन पल्ट्याङ्ग सडक निर्माण | मिर नेपाल कन्स्ट्रक्सन | ११४५००० | २०८०।७।२२ |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्रीङ्गा शान्ती सडक | मिर नेपाल कन्स्ट्रक्सन | ११७२००० | २०८०।७।२२ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## ३६ बढी भुक्तानी

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,2077 को 39(10) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाचँ गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले गौश्वरा भौचर नं३६८मिति २०८०।०२। ११ बाट क्षेत्री समाज कुल देवता मन्दिर निर्माण योजनामा रु.200000।को योजनामा मुल्याँङ्कन रु.8000 घटेको तर भुक्तानी पुरा गरिएको हुदा उक्त बढी भएको रकम रु. 8000। र गौश्वरा भौचर नं ४१५ मिति २०८०।०३।०४ बाट जनजाती भवन मनादी योजनाको रकम भुक्तानीको क्रममा अग्रिम आयकर रु. 4000।नकाटिएको हुदा सो समेत असुल गर्नुपर्ने देखिएको रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १२,००० |

## ३७ भेरिएसन आदेश

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्यको भेरिएसन आदेश जारी गर्ने सम्बन्धमा कार्यविधी उल्लेख रहेको छ। कार्यालयले श्रृङ्गा सडक भिरकोट सम्म खण्डको पाचौ चरण अन्तरगत सडक स्तरोन्नतिको कार्य गर्न निर्माण व्यवसायी नया बाटो/ सरस्वती जे. भी.संग रु१९६४५७१८ (मु. अ. कर र प्रोभिजनल सम बाहेक) को ठेक्का सम्झौता मिति २०७८/६/५ मा भई कार्य भुक्तानी गरेकोमा निजले मिति २०७९/१२/५ सम्ममा रु १८१७६६६४ (मु. अ. कर र प्रोभिजनल सम बाहेक) को कार्य गरी कार्य सम्पन्न गरिएको छ । यसप्रकार निज निर्माण व्यवसायीले ७.८८ प्रतिशतले हुने रु. १६६००३१। घटी कार्य गरी ठेक्का सम्पन्न गरेको जनाएकोमा सोको प्रयास र उचित कारण सहित नियमानुसार भरिएसन आदेश स्वीकृत गराउनु पर्नेमा गराएको देखिएन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## ३८ भवन निर्माणको कार्य अमानतबाट

सार्वजनिक खरिद ऐन, नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सक्ने प्रावधान रहेको छ। त्यसैगरी नियम ९८ मा श्र १ लाख सम्मको कार्य अमानतबाट गराउन सक्ने उल्लेख रहेको छ। कार्यालयले

संघीय शसर्त पूजीगत तर्फको गोश्वारा भौचर नं. ५, १० र १४ बाट अमर मा. वि. लाई कक्षाकोठा थप गरी निर्माण कार्य गर्न रु ५० लाख निकासा दिइ खर्च लेखेको छ। उक्त विद्यालय एक सरकारी विद्यालय भएको हुँदा विद्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) बमोजिम इलेक्ट्रोनिक बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्थापन गरी उक्त विद्यालय भवन निर्माण कार्य गर्नु गराउनुपर्नेमा सो बमोजिम नगरी विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहँदा रहँदै समेत अर्को एक उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति गठन गरि उपभोक्ता समिति र विद्यालयले अमानतमा विद्यालय भवन निर्माण गरेको जनाई खर्चको विल भरपाई संलग्न गरेको आधारमा भुक्तानी दिइ खर्च लेखेको छ। त्यसैगरी यसप्रकार गठन गरेको उपभोक्ता समितिका सदस्यहरु समेत कानुन बमोजिम उपभोक्ता समितिमा वस्न नहुने शिक्षक, कर्मचारी, जनप्रतिनिधी तथा व्यवस्थापन समितिका सदस्यहरु समेत रहेको छैनन भन्ने आधार र पुष्टयाँई देखिँदैन। यस प्रकार उक्त विद्यालयले उपभोक्ता समिति गठन गरेको जनाई अमानतबाट गरेको उक्त निर्माण कार्य कानुन विपरित देखिएकोले यस सम्बन्धमा यथार्थता छानविन गरी यकिन गरिनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ४८,५०,००० |

३९ **ब्याज असुल**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.१४६९२५। सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार भौचर नम्बर तथा मितिबाट उपभोक्ता समितिमार्फत गरेको काममा मूल्य अभिवृद्धि कर लाग्ने सामग्री खरिद गर्दा उपभोक्ताले तिरेको मूल्य अभिवृद्धि कर रकमको सोधभर्ना कार्यालयले गरेको छ । खरिदमा उपभोक्ता समितिले तिरेको मुल्य अभिवृद्धि कर भन्दा नर्म्स एवं कार्य परिमाणको आधारमा सोधभर्ना गर्नुपर्नेमा सो नगरी बढी भुक्तानी गरेको देखिएकाले असूल हुनुपर्न रु

| सि. नं. | गो. भौ. नं./मिति | योजना/उ. स. को नाम | प्रयोग भएको सामाग्री | कार्यसम्पन्न प्रतिवेदन अनुसार लागत ( बोरा / कीलो ) | बिल पेश | कम प्रयोग | दर | जम्मा | भ्याट |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९३/०७९/९/२१ | लालिगुराँस आमा समूह भवन निर्माण ध्वासीबासी | सिमेन्ट | १६३ | ११८ | ४५ | ८२५ | ३७१२५ | ४८२६ |
| २ | ४१४/०८०/३/४ | दुलेगौंडा पालिङ्गटार सिरकोट मोटरमार्ग योजना | सिमेन्ट | २९७ | २३१ | ६६ | ८२५ | ५४४५० | ७०७९ |
| ३ | ४१४/०८०/३/४ | दुलेगौंडा पालिङ्गटार सिरकोट मोटरमार्ग योजना | फलामे डण्डी | २९६१ | १९८५ | ९७६ | ९४ | ९१७४४ | ११९२७ |
| ४ | ८८/०७९/९/१४ | ग्वास्लुङ्ग मोटर मार्ग योजना | सिमेन्ट | १६ | ० | १६ | ८२५ | १३२०० | १७१६ |
| ५ | १५०/०७९/२/२३ | पोखरीभञ्ज्याङ्ग लिवाङ्ग मोटर मार्ग योजना | सिमेन्ट | ६९५ | ६२० | ७५ | ८२५ | ६१८७५ | ८०४४ |
| ६ | ५०२/०८०/३/२४ | तारुका रिङ्गरोड नाला निर्माण तथा ग्रावेल योजना | सिमेन्ट | १८ | ० | १८ | ८२५ | १४८५० | १९३१ |
| जम्मा | | | | | | | | २७३२४४ | ३५५२२ |
| | | | | | | | असुल गर्नुपर्ने | | ३५,५२२ |

## ४१ सोझै परामर्श सेवा खरिद

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर

पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ३७८४७८१। खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा छुट्टा छुट्टै सम्झौता गरी खरिद गरिएको रकमलाइ कानुनसम्मत भएको भन्न मिल्ने नदेखिदा अनियमित भएको रु

| अध्यायन/ परामर्श सम्बन्धी कामको विवरण | लागत अनुमान | प्राप्त प्रस्ताव संख्या | प्रथम घटी प्रतिशत | परामर्शदाता | सम्झौता अंक | भुक्तानी |
|---|---|---|---|---|---|---|
| Detailed Engineering Survey, Soil Investigation, Design and Cost Estimation of Diuli Khola Motorable Bridge in Rishing Rural Municipality-1 and 3 | 1251145 | 3 | 0.15 | एडन इञ्जिनियरिङ्ग सोलुसन प्राली. | 1249215 | 1249215 |
| सिर्कोट खानेपानीको लागि इलेक्ट्रिक पम्पबाट पानी तान्ने प्रविधिको डीपिआर योजना | 100000 | 3 | 1.12 | सिनर्जी अटोमेसन एण्ड इन्स्टु मेन्टेसन प्राली , काठमाण्डौं | 98875 | 98875 |
| विभिन्न खानेपानी योजनाहरुको डीपिआर | 400000 | 3 | 5.36 | रेग्मी ब्रदर्सइञ्जिनियरिङ्ग कन्स ल्टेन्सी प्रा ली , कालिका ६ , | 378550 | 378550 |
| नदीहरुको दहत्तर बहत्तर उत्खननका लागि बातावरणीय प्रभाव मूल्याङ्कन(IEE प्रतिवेदन) | 496635 | 3 | 0 | बन्दीपुर कन्सल्टेन्सी प्रा.लि. | 496635 | 496635 |
| गा पा को सुचना प्रविधी DPR तयार गरेको | 496890 | 3 | 0 | इन्फिनिटी आइ टि .प्रा लि | 496890 | 496890 |
| जि आइ एस म्यापिङ्ग | 398000 | 3 | 0 | आदि कन्सल्ट प्रा ली | 398000 | 398000 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दुबुङ्ग खानेपानी एक घर एक धारा | 192100 | 3 | 0 | रेग्मी ब्रदर्स इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. ली | 192100 | 192100 |
| योजना शाखाको सफ्टवेयर खरिद | 498330 | 3 | 0 | जिओसफ्ट टेक्नोलोजी प्रा ली | 498330 | 498330 |
| जम्मा | 3809286 | | | | 3784781 | 3784781 |

(क)सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा लिन सकिने प्रावधान रहेको छ ।उक्त खानेपानी निर्माण कार्यको डिपिआर तयारी गर्ने कार्य कार्यालयमा उपलव्ध जनशक्तिबाट गराउनु पर्नेमा उपरोक्त बमोजिम सोझै दररेट लिएर न्युन प्रतिस्पर्धाबाट गराएको छ । कार्यालयको जनशक्तिबाट हुन नसक्ने सम्वन्धमा केही उल्लेख भए गरेको देखिएन । यसबाट कार्यालयलाइ थप व्ययभार पर्न गएको छैन भन्ने आधार देखिदैन ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख सम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिक्रित परामर्शदाताहरु मध्येबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले परामर्शदातासंग प्रस्ताव माग गरी लागत अनुमान अंक वा अत्यन्त न्युन घटी अंकमै सम्झौता गरी भुक्तानी गरेको छ । यसरी प्रतिस्पर्धा बेगर परामर्शदाता नियुक्त गरेबाट कानुनको उल्लघंन हुन जानुको साथै कार्यालयलाइ थप व्ययभार परेको छैन भन्ने अवस्था देखिन आएन ।

(ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि डिपीआर प्रतिवेदन तयार गर्न परामर्शदाता छनौट गर्दा ३ वटासंग प्रस्ताव माग गरी छनौट गरेर कार्य गराएको भएता पनि न्युन प्रतिस्पर्धा गराइ लागत अनुमान दरमा सम्झौता गरी कार्य गराएको छ ।

(घ) यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ ।

| | | |
|---|---|---|
| | अनियमित भएको | ३७,८४,७८१ |
| | | |

४२ **उपभोक्ता समितिबाट गराएको काम**

कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम २६९ वटा उपभोक्ता समितिहरुबाट रु११९७३७८६२। को कार्य गराएकोमा रु. १४०७२९४२। को कार्य जनसहभागिताबाट गराइ बाकी रु.१०२३५३९६४। पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जनसहभागिताबाट भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| यो वर्ष सम्झौता र कार्य गराइ भुक्तानी भएको र गतवर्ष सम्झौता र कार्य गराइ योवर्ष भुक्तानी भएको | २६९ | १३५५३५८७० | ११९७३७८६२ | १४०७२९४२ | १०२३५३९६४ |

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

(क) हस्तान्तरण र लगत अद्यावधिकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न

सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(ख) मुल्य अभिबृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(ग) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(घ) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने

आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको देखियो । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नु पर्दछ ।

(ङ) सार्वजनिक परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(च) अनुगमन समितिःनगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(छ) तेश्रो पक्षबाट कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उक्त उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

(ज) हेभी इक्विपमेण्टको प्रयोग ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

(झ) गुणस्तर परीक्षणःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

(ञ) उपभोक्ता समितीबाट रोजगार सिर्जना नहुने कार्यः सार्वजनिक खरिद नियमावलीको नियम 97(10) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नमिल्ने व्यवस्था छ । साथै स्थानीय श्रोत साधनको उपयोग रोजगारी सिर्जना सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिवृद्धि मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिवृद्धि गर्ने उद्देश्यले योजना संचालनमा उपभोक्ता समितिको परिचालन गरिन्छ। तर पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको काम उपभोक्ता समिति मार्फत गरेकोमा रोजगारी सिर्जना नभई कार्यसम्पन्न रकम बराबरको रकम नै मेशिन परिचालन गरी सम्पन्न गरेको छ । जसको

उदाहरण निम्नानुसार छ । यसबाट उपभोक्ता समितिबाट काम गराउनुको उद्देश्य पुरा हुदैन । स्थानीय श्रोत साधनको उपयोग रोजगारी सिर्जना हुने, सम्पन्न योजनामा अपनत्व अभिवृद्धि, मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिवृद्धि हुने प्रकृतिको योजनामा मात्र उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औंल्याएको छ ।

| क्र.स | भौचर नम्बर | योजनाको नाम | भुक्तानी मिति | डोजरको बिल र भुक्तानी |
|---|---|---|---|---|
| 1 | 124 | दशै तिहार/वर्षाद सरसफाई वडा नं २ | 10/10/2079 | 100000 |
| 2 | 121 | सपाङदी भित्री सडक मर्मत तथा सरसफाई योजना | 10/10/2079 | 597000 |
| 3 | 145 | सुन्दरडाँडा ग्याजा हुदै सुडे मोटर मार्ग | 10/17/2079 | 225900 |
| 4 | 169 | आकस्मिक भैपरी सडक मर्मत | 11/2/2079 | 193000 |
| 5 | 161 | बेसि डोडे अपुरो मोटर मार्ग | 10/27/2079 | 350000 |
| 6 | 152 | राम्चे ब्यागनडाँडा जोडने मोटर मार्ग | 10/23/2079 | 150000 |
| 7 | 132 | वडा नं ४ का सम्पूर्ण बाटोहरु सरसफाई तथा मर्मत | 10/11/2079 | 500000 |
| 8 | 178 | बलिमराङ्ग शाखा मोटर मार्ग | 11/16/2079 | 196600 |
| 9 | 204 | नाजुङ्ग सोलुङ्ग दिउलीखोला मोटर मार्ग | 12/1/2079 | 800000 |
| 10 | 216 | वर्षादमा भएको पहिरो तथा बाटो सरसफाई दशैतिहार सरसफाइ वर्षाद / वडा नं 3/४ | 12/8/2079 | 388500 |
| 11 | 227 | माथिल्लो सेटाङ्ग देखि तल्लो सेटाङ्ग मोटर मार्ग | 12/13/2079 | 361000 |
| 12 | 220 | काफलडाडा हुग्दी मोटरमार्ग स्तरोन्नती | 12/8/2079 | 99000 |
| 13 | 232 | शान्ति सेवा युवा क्लब भवन घडेरी निर्माण | 12/13/2079 | 148000 |
| 14 | 229 | नारायणी हाँडीवन मोटर मार्ग | 12/13/2079 | 150000 |
| 15 | 305 | लिन्दी मोटर मार्ग | 1/17/2080 | 412000 |
| 16 | 316 | मैदानस्वारा स्यालुङ्ग मोटर मार्ग | 1/21/2080 | |

| | | | | |
|---|---|---|---|---|
| 17 | 331 | तल्लो सेटाङ्ग देखि भालकुम जाने मोटर मार्ग विस्तार | 1/26/2080 | 195600 |
| 18 | 329 | धोवला झापुटार मोटर मार्ग | 1/24/2080 | 197000 |
| 19 | 341 | वर्षादमा भएको पहिरो तथा बाटो सरसफाई उ.स. | 1/27/2080 | 451000 |
| 20 | 338 | ढेगाथर जाने सडक निर्माण | 1/27/2080 | 93000 |
| 21 | 357 | धुर्पाल्दी मोटर मार्ग निर्माण | 2/7/2080 | 200000 |
| 21 | 355 | अर्चल्दी बलिमराङ्ग मोटरमार्ग | 2/4/2080 | 298000 |
| 22 | 362 | पल्टयाङ्ग भैसिकिले मोटर मार्ग सम्पन्न | 2/9/2080 | 636000 |
| 23 | 378 | आकस्मिक भैपरी सडक मर्मत | 2/17/2080 | 196500 |
| 24 | 392 | बुद्धसी मार्ग सरसफाई | 2/28/2080 | 100000 |
| 25 | 417 | लोक्मा बाझो मोटर मार्ग | 3/4/2080 | 600000 |
| 26 | 468 | गैह्राखुदी देखि लैरे मोटर मार्ग | 3/21/2080 | 80000 |
| 27 | 483 | टुर्टुरे मोटर मार्ग योजना | 3/22/2080 | 68120 |
| 28 | 498 | लिमास्वारा ढाकार्दि मोटर मार्ग सुधार | 3/24/2080 | 300000 |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

४३ **लाभग्राही समुह मार्फत निर्माण सामाग्री खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजना र खरिदको प्याकेज सम्वन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । पालिकाले उक्त ऐन र नियमावली विपरित देहाय अनुसार बिभिन्न उपभोक्ता समिति वा लाभग्राही समुह वा संस्था तथा व्यक्तिको माध्यमबाट बिद्यालयको लागि फर्निचर, खानेपानीको लागि चाहिने पाइप, मोटर

लगायत रु.२८९७४१४। मुल्यका सामाग्रीहरु सोझै खरिद गरी भुक्तानी दिएको छ । यसप्रकार चाहिने बस्तु तथा सामाग्री लगायतका सम्पत्तिहरुको आवश्यक्ता बिश्लेषण गरी उपरोक्त ऐन र नियमावली अनुसार सोही बमोजिम खरिदको योजना र प्याकेज बनाएर बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ सम्वन्धित व्यक्ति वा संस्थामा आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी टुक्रा टुक्रा गरेर सम्वन्धित लाभग्राही समुहबाट सोझै खरिद गरेबाट खरिद कार्यमा पार्दर्शिता र स्वच्छ प्रतिस्पर्धा हुन पाएन । यसको उदाहरण निम्नानुसार रहेको छ। यसबाट कार्यालयलाइ थप आर्थिक व्ययभार परेन भन्ने अवस्था देखिन नआएको रु

लाभग्राही समुह मार्फत निर्माण सामाग्री खरिद

| सि.नं. | योजनाको नाम | वडा | ल.ई. | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | वस्ती आरन तथा मेसिन व्यवस्थापन उ. स. ले चितवन मि स्टोर्सबाट आरनका सामान खरिद | | १०८०७७ | १०८०७७ | १०८०७७ |
| २ | ग्वास्लुङ्ग धारापानी खा. पा. उ. स. ले पाइप खरिद | | २००००० | २००००० | २००००० |
| ३ | रमजाकोट उ. स. ले विद्युत मिटर थान २२० थान | | ४६०००० | ४६०००० | ४६०००० |
| ४ | दिपक मा वि फर्निचर खरिद | १ | ४३२२५४ | ४१८३७५ | ३७५५४२ |
| ५ | ग्वास्लुङ्ग धारापानी खानेपानी पाईप खरिद | २ | १२१५८८६ | २१६७३२ | १९४००० |
| ६ | शान्ति मा.वि फर्निचर | ३ | ११२००० | ११२००० | ९७००० |
| ७ | सिङ्गुवाटार बेलौती आपँखोला खा.पा. पाइप लगायत | ४ | ५५१४८ | ५९५८१ | ४८५०० |
| ८ | राम्जाकोट विद्युत मिटर खरिद | ५ | ५३८८९३ | ४९४६६८ | ४४५२०१ |
| ९ | पत्थरगाउँ लिफ्टिङ्ग खानेपानी मोटर खरिद | ६ | ५४२४०० | ५४२४०० | ४३६५०० |
| १० | वोचादी धारादी खानेपानी पाइप लगायत | ७ | ५५९५९२ | ५६१५०८ | ४८५००० |
| ११ | पल्टयाङ्ग आरनका सामाग्री खरिद | ८ | ५४९०५ | ५३८८० | ४७५९४ |
| | जम्मा | | ४२७९१५५ | ३२२७२२० | २८९७४१४ |

| | |
|---|---|
| अनियमित भएको | २८,९७,४१४ |

४४ **जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका सडक निर्माण गर्ने, भवन, कल्भर्ट, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको प्राप्त बिबरण बिश्लेषण गर्दा उपभोक्ता समिति वा लाभग्राही समुहबाट कार्य गरिएका कुल २६९ वटा योजनाहरु मध्ये रु. ५ लाख भन्दा बढी लागत अनुमान रहेका ६९ वटा निर्माण कार्यहरुमा देहाय बमोजिम रु. ७ करोड १५ लाख ४८ हजार २८०।को कार्य गराइ रु ६ करोड २ लाख ९२ हजार १६१। भुक्तानी गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसको बिबरण संलग्न अनुसुचीमा रहेको छ।ऐन र नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समितिलाई जनश्रमदानको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो. भौ. नं. ३४/२०७९/४/२ मा झापुटार कालोपत्रे योजनालाई रु २२४३००० भुक्तानी गरेकोमा २०७८/१२/११ मा कार्यपालिकाबाट ऋषिङ गाउँपालिका वडा नं. १ स्थित झापुटार

कालोपत्रे योजनाको शुरु लागत ईस्टिमेटमा ३० प्रतिशत लागत साझेदारी गर्ने गरी लागत ईस्टिमेट तयार गरिएतापनि १५ प्रतिशत लागत साझेदारी गर्ने निर्णय गराई कम लागत सहभागिता गरि बाँकी रकम भुक्तानी गरेको पाईयो। यसरी घटी लागत सहभागिता गरेको असुल उपर हुने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३,८१,४६९ |
| | | |

४६ **घटी जनश्रमदान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समितिलाई जनश्रमदानको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले चालिसे काहुँ झापुटार मोटरमार्ग योजनामा गो. भौ. नं. ७०/०७९/८/१९ बाट रु ५७५००० भुक्तानी दिँदा जनश्रमदान बापतको अंश रु ७२३४२ दाखिला गर्नुपर्नेमा चालिसे काहुँ झापुटार मोटर मार्गले रु ३४००० बैंक दाखिला गरेकोमा बाँकी असुल उपर हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३८,३४२ |
| | | |

४७ **उपभोक्ता समितिबाट खरिद**

सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नमिल्ने व्यवस्था । नमुना छनौट गरी परिक्षण गर्दा विभिन्न समाग्री खरिद कार्य उपभोक्ता समितिबाट गराई कार्यालयले निम्नानुसार रकम भुक्तानी गरेको पाईयो। जसका केही उदाहरणहरु निम्नानुसार छन्।

| सि. नं. | गो.भौ . नं./मिति | उ.स/योजनाको नाम को नाम | योजनाको लागत | सामान खरिद | खरिद % |
|---|---|---|---|---|---|
| १ | २९७/०८०/१/१७ | केराउदी खोला टंकी निर्माण | ३२४०८२ | ९५०४० | २९ |
| २ | ४०३/०८०/२/३१ | सिद्ध खानेपानी योजना | ४३१४१९ | २८०५७२ | ६५ |
| ३ | ३७१/०८०/२/१२ | रामडाँडा खानेपानी लिफ्टिङ्ग योजना | ७५५१३१ | ३००७३५ | ४० |
| ४ | ३४९/०८०/२/३ | लीफ्टिङ्ग खानेपानी मोटर खरिद योजना सेटाङ्ग | १६१६९७ | १६०००० | ९९ |
| ५ | ४८०/०८०/३/२२ | राम्जाकोट विद्युत मिटर खरिद उपभोक्ता समिती | ४९४६६९ | ४९४६६९ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | १४७/०७९/१०/१७ | दिपक मा वि फर्निचर खरिद उपभोक्ता समिती | ४१८३७६ | ४१८३७६ | १०० |
| ७ | ७१/०७९/८/१९ | पत्थर गाउँ लिफ्टिङ खानेपानि मोटर खरिद | ४५०००० | ४५०००० | १०० |
| जम्मा | | | ३०३५३७४ | २१९९३९२ | ७२ |

| सैद्धान्तिक बेरुजु |
|---|
| |

## ४८ उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्य

